कर्णाली प्रदेशसभा

# सामाजिक विकास समिति

# वार्षिक प्रतिवेदन

आ.व.२०७९/२०८०




## कर्णाली प्रदेश सभा
## सामाजिक विकास समिति
## वीरेन्द्रनगर, सुर्खेत

# सामाजिक विकास समितिका माननीय सदस्यहरू



मा.घनश्याम भण्डारी
सभापति



मा.इन्द्रकुमारी शाही
सदस्य



मा.कलबहादुर हमाल
सदस्य




मा.गमत वि.क.
सदस्य



मा.जुम्कित लामा (कार्की)
सदस्य



मा.मिलन खड्का (रोका)
सदस्य



मा.यामलाल कँडेल
सदस्य



मा.राजीव विक्रम शाह
सदस्य

# सामाजिक विकास समितिका सभापतिज्यूको कर्णाली प्रदेश सभामा समितिको वार्षिक प्रतिवेदन प्रस्तुती मन्तव्य

**सभामुख महोदय,**

संसदीय समितिको सक्षमता, जागरूकता, सक्रियता र कार्यकुशलताका आधारमा नै सरकारको भूमिका जनताप्रति उत्तरदायी हुने, जवाफदेही बन्ने, कानूनको शासनलाई पूर्णरूपमा अङ्गिकार गर्ने र सुशासनको बाटोमा हिंड्न सरकारलाई निगरानी र निर्देशन गर्ने भूमिका यो मिनि संसदको रूपले परिचित संसदीय विषयगत समितिको हो ।

नेपालको सन्दर्भमा पनि हेर्ने हो भने नेपालको संविधानको व्यवस्था अनुसार स्थापना गरिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आधारित प्रदेशसभा संघीयताको महत्वपूर्ण अङ्ग हो । त्यसैले प्रदेशसभाको र विषयगत समितिको कार्य प्रणाली व्यवस्थित तथा प्रभावकारी रूपमा सम्पादन गर्न यस प्रदेशसभामा रहेका चार वटा विषयगत समितिहरू रहेको कुरा सभालाई अवगत नै छ ।

ती समितिहरूमध्ये सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो । सभाबाट समितिमा दफावार छलफलको लागि प्राप्त भएका विधेयकहरूलाई माननीयज्यूहरूको संशोधनको सूचनाको आधारमा सरोकारवालाहरू र आमजनताहरूको सुझावको आधारमा परिमार्जन गरी परिस्कृत गर्नुका साथै सभाका अन्य कार्य प्रणालीलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न, समितिका काम कारवाहीप्रति समितिका माननीय सदस्यज्यूहरूलाई क्रियाशील, जिम्मेवार तुल्याउन र सरकारलाई जनताप्रति उत्तरदायी बनाउन यो समितिको महत्वपूर्ण भूमिका रहेको छ ।

**सभामुख महोदय,**

कर्णाली प्रदेश सभा नियमावली, २०७९ को नियम १५४ बमोजिम गठित यस समितिमा ८ जना माननीय सदस्यज्यूहरू रहनु भएको छ । यस समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्वन्धी विषयहरू रहेका छन् ।

यस समितिले गत आर्थिक वर्षमा सम्पादन गरेका विभिन्न कामहरूमा आधारित वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम यो गरिमामय सभा समक्ष सामाजिक विकास समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन पेश गर्न गइरहेको व्यहोरा निवेदन गर्दछु।

**सभामुख महोदय,**

यस समितिको पहिलो बैठक २०८० साल जेठ १४ आइतवार बसेको थियो र उक्त बैठकबाट समितिको सभापति निर्वाचन गर्ने कार्य सम्पन्न भएको थियो । आ.व. २०७९/०८० को असार २७ गतेसम्म जम्मा ५ वटा बैठक बसेको थियो भने उपसमितिको २ वटा बैठक सम्पन्न भएको थियो।

**सभामुख महोदय,**

समितिलाई चुस्तदुरूस्त र व्यवस्थित गर्न समितिको बैठक सञ्चालन कक्षमा अति आवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन, आवश्यक बजेटको व्यवस्था, माननीय सदस्यज्यूहरू, सचिवालयका कर्मचारीहरूको समयानुकूल क्षमता अभिबृद्धि लगायत सम्वन्धित विषयमा प्रशिक्षणको व्यवस्था गर्नु पर्ने, समितिको बैठकलाई प्रत्यक्ष अभिलेखीकरण गर्न विषयगत दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने, विधेयक लगायत अन्य विविध विषयमा विज्ञहरूको राय, सल्लाह लिनको लागि विज्ञहरूको व्यवस्था गर्नु पर्ने देखिएको छ ।

**सभामुख महोदय,**

अन्तमा, समितिको कार्य सम्पादनमा निरन्तर सहयोग पुऱ्याउनु हुने माननीय सभामुखज्यू, माननीय उप-सभामुखज्यू, समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई आभारसहित हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यस्तै समितिलाई विभिन्न तरिकाले सहयोग पुऱ्याउनु हुने कर्णाली प्रदेश सभाका सचिव, सामाजिक विकास समितिका सचिव लगायत सचिवालयमा कार्यरत कर्मचारीहरू, मर्यादापालकहरू एवम् समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय/आयोग/सचिवालय, विषय विज्ञहरू, सञ्चारकर्मी, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संघ-संस्थाहरू, नागरिक समाज लगायत जनसमुदायमा समितिको तर्फबाट आभारसहित हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सभामुख महोदय,**

कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १७१ बमोजिम आर्थिक वर्ष २०७९/०८० को सामाजिक विकास समितिको बैठकबाट सर्वसम्वत पारित वार्षिक प्रतिवेदन माननीय सभामुखज्यूमार्फत यस सभा समक्ष पेश गर्दछु ।

धन्यवाद ।

घनश्याम भण्डारी
सभापति
सामाजिक विकास समिति

# विषयसूची


| क्र.सं. | विषय | पेज नम्वर |
|---|---|---|
| १ | परिचय | १ |
| २ | समितिको गठन प्रक्रिया | १ |
| ३ | समितिको सचिवालय | १ |
| ४ | समितिको काम, कर्तव्य र अधिकार | २ |
| ५ | समितिको कार्य क्षेत्र | २ |
| ६ | समितिले सम्पादन गरेका कार्यहरू | ३ |
| ७ | समितिले आ.व. २०७९/०८० मा गरेका कामकारवाही तथा निर्णयहरू | ३ |
| ८ | उपसमितिका बैठकहरू र बैठकले गरेका निर्णयहरू | ६ |
| ९ | समिति बैठकमा माननीयज्यूहरूको उपस्थितिको अवस्था | ७ |
| १० | समितिमा विधाराधिन विधेयकहरूको विवरण | ७ |
| ११ | सरोकारवाला निकायहरूसँग भएका छलफलहरू | ८ |
| १२ | समितिको प्रभावकारीता | ९ |
| १३ | निष्कर्ष | १० |

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ परिचयः

संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाई नियमित तथा आकस्मिक कार्यहरूलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरू मध्येबाट तोकिएका सदस्यहरू रहने गरी विभिन्न संसदीय समितिहरू गठन गरिन्छन् । लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौम सत्ताको प्रयोग जनप्रतिनिधिहरूद्वारा गरिन्छ ।

संसदीय समितिले संसदका गतिविधिहरूलाई सरल तथा छिटोछरितो तुल्याउने एवम् सरकारलाई संसदप्रति जिम्मेवार तथा जवाफदेही बनाउने कार्यमा सहजता प्रदान गर्ने हुँदा यसलाई लघु संसद (Mini Parliament) पनि भन्ने गरिन्छ । कर्णाली प्रदेश सभा नियमावली, २०७९ को नियम १५४ मा ४ वटा विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरूमध्ये सामाजिक विकास समिति प्रदेश सभाको एउटा महत्वपूर्ण समिति हो ।

प्रदेश सभाबाट समितिमा आएका विधेयकहरूलाई परिमार्जन गरी परिस्कृत गर्नका साथै प्रदेश सभाका अन्य कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेश सभाका सदस्यलाई जागरूक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, राज्यका हरेक नागरिकलाई शिक्षित र स्वस्थ बनाउन सके विकास र सामाजिक रूपान्तरणमा सघाउ पुग्ने हुँदा सो सन्दर्भमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

## १.२. समितिको गठन प्रक्रियाः

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरू र सदस्यहरूले आफूमध्ये छानेको सभापति समेतबाट समिति गठन हुन्छ । सभामुखद्वारा सदस्यहरू मनोनयन भएपछि सभाद्वारा यसको अनुमोदन गरिन्छ । सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस, आर्य मधेसी, थारू, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतको प्रतिनिधित्व गराउनुपर्ने प्रावधान कर्णाली प्रदेश सभा नियमावली, २०७९ ले गरेको छ । यस समितिमा ८ जना माननीय सदस्यहरू रहनु भएको छ । समितिको मिति २०८० साल जेठ १४ गते निर्वाचन भई सभापति चयन भएको थियो ।

मुख्यमन्त्री र विषयसँग सम्बन्धित विभागीय मन्त्री पदेन सदस्य रहने बाहेक कुनै पनि सदस्य एकभन्दा बढी समितिको सदस्य हुन पाउँदैन । समितिमा पदेन सदस्यको अतिरिक्त यो प्रतिवेदन तयार गर्दाका बखतसम्म आठ जना माननीय सदस्यहरू रहनु भएको छ । जसको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

## १.३. समितिको सचिवालयः

कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १७४ को उपनियम (१) बमोजिम प्रदेशसभा सचिवालयअन्तर्गत सामाजिक विकास समितिको सचिवालय रहेको छ । यस समितिमा

प्रदेश सभा सचिवालयले तोकेका कर्मचारीहरू हुने र प्रदेश सभा सचिवले एक जना अधिकृतस्तरको कर्मचारीलाई समिति सचिव र अन्य सहायक कर्मचारीहरूलाई समिति सचिवालयको कामकाज गर्नको लागि तोक्ने व्यवस्था रहेको छ । यस समितिको सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ ।

## १.४. समितिको काम, कर्तव्य र अधिकारः

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरूलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिस्कृत गर्नुका साथै सरकारलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरूको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजिम रहेका छन् ।

(१) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयकहरूमा दफावार छलफल गरि सोको प्रतिबेदन प्रदेश सभामा पेश गर्ने ।

(२) मन्त्रालय अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(३) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णाली प्रदेश सरकारद्वारा के कस्ता कदम उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(४) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियमहरू संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(५) मन्त्रालय र मन्त्रालय मातहतका कार्यालय/निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।

(६) समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्वन्धित मन्त्रालय, आयोग, निकाय तथा सरोकारवालाहरूसँग विषयविज्ञसहित आवश्यकता अनुसार छलफल, परामर्श गर्ने ।

(७) बैठकले सुम्पेको अन्य काम गर्ने ।

(८) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## १.५. समितिको कार्य क्षेत्रः

सामाजिक विकास समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्वन्धी क्षेत्राधिकार रहेको छ ।

# परिच्छेद-२
# सम्पादित कार्य

## २.१. समितिले सम्पादन गरेका कार्यहरूः

लघु सदन **(Mini Parliament)** का रूपमा क्रियाशिल रहने समितिले आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, एवम् सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने कार्य यस समितिको रहेको छ । यस समितिको गठनपश्चात् हालसम्म जम्मा ४ वटा बैठक बसेका छन् भने उपसमितिको २ वटा बैठक बसेका छन् । समितिले आफ्नो आन्तरिक कार्यसञ्चालन कार्यविधि निर्माण गरी पारित गरेको छ ।

## २.२. समितिले आ.व. २०७९/०८० मा गरेका कामकारवाही तथा निर्णयहरूः

समितिको गठन यता २०८० असार २६ गतेसम्म जम्मा ४ वटा बैठक सम्पन्न भएका छन् भने उपसमितिको २ वटा बैठक सम्पन्न भएका छन् । यस अवधिमा भएका समिति/उपसमितिका बैठकहरू, बैठकले गरेका निर्णयहरू निम्नानुसार रहेका छन्:

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| १ | १ | २०८०।०२।१४ | १. माननीय इन्द्राकुमारी शाही प्रस्तावक र माननीय जुम्कित लामा (कार्की) समर्थक रहनु भई माननीय घनश्याम भण्डारीज्यूलाई सभापति पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको एउटा मात्र सूचना प्राप्त हुन आएकाले कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १५७ को उपनियम २ बमोजिम बैठकको सभापतित्व गर्नुभएका समितिका ज्येष्ठ सदस्य माननीय कलबहादुर हमालले कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १५७ को उपनियम (५) बमोजिम माननीय घनश्याम भण्डारीलाई सामाजिक विकास समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।<br>२. समितिका सबै माननीय सदस्यहरूले सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएका माननीय घनश्याम भण्डारीज्यूलाई बधाई तथा सफल कार्यकालको |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | शुभकामना व्यक्त गर्नुभयो । |
| २ | २ | २०८०।०२।१४ | १. सामाजिक विकास समितिको सभापति पदमा निर्विरोध निर्वाचित माननीय घनश्याम भण्डारीज्यूले सभामुखज्यूबाट सभापति पदको सपथ ग्रहण गरी समिति सचिवालयमा स्वागत पश्चात् पदभार ग्रहण गर्नुभयो।<br>२. सभापति माननीय घनश्याम भण्डारीज्यूले सामाजिक विकास समितिको सभापति पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा समितिका सबै माननीय सदस्यहरूलाई धन्यवाद दिनुभयो ।<br>३. कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम १५४ मा यस समितिलाई तोकिएका कार्य क्षेत्रहरूको विषयमा छलफल भयो । समितिलाई तोकिएको कार्यक्षेत्रमा रही समितिको वार्षिक कार्ययोजना बनाउने विषयमा छलफल भयो ।<br>४. समितिको आन्तरिक कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७७) लाई संशोधन गर्ने सम्बन्धमा छलफल भयो ।<br>५. समितिको आगामी बैठकमा समितिको पहिलो कार्यकालमा भएका गतिविधिहरूको बारेमा संक्षिप्त रूपमा जानकारी गराउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो । |
| ३ | ३ | २०८०।०३।०८ | १. समितिको आन्तरिक कार्यविधि निर्माणको लागि मा० कलबहादुर हमालको संयोजकत्वमा मा० इन्द्राकुमारी शाही र मा० मिलन खड्का (रोका) सदस्य रहने गरी कार्यविधि मस्यौदा उपसमिति गठन गर्ने र उक्त उपसमितिलाई मिति २०८० साल असार १० गते आइतबार बस्ने समितिको बैठकमा आन्तरिक |


| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | कार्यविधिको मस्यौदा पेश गर्न समय दिने निर्णय गरियो । <br>२. समितिको आगामी बैठक २०८० साल असार १० गते आइतबार बिहान ७:०० बजे बस्ने र उक्त बैठकमा उपसमितिले पेश गरेको समितिको आन्तरिक कार्यविधि माथि छलफल गर्ने निर्णय गरियो। |
| ४ | ४ | २०८०।०३।१० | १. समितिको मिति २०८० साल असार ८ गते बसेको बैठकले मा. कलबहादुर हमालको संयोजकत्वमा मा. इन्द्राकुमारी शाही र मा. मिलन खड्का (रोका) सदस्य रहने गरी कार्य सञ्चालन कार्यविधि मस्यौदा उपसमिति गठन गरेको र उक्त उपसमितिले समयमै आफ्नो जिम्मेवारी पूरा गरी आजको समितिको बैठकमा कार्य सञ्चालन कार्यविधिको मस्यौदा समिति समक्ष पेश गरेकोमा समिति संयोजकसहित सदस्यज्यूहरूलाई धन्यवाद दिने निर्णय गरियो। <br>२. उपसमितिले समिति समक्ष पेश गरेको सामाजिक विकास समितिको कार्य सञ्चालन कार्यविधि, २०८० को मस्यौदा माथि छलफल भई संशोधनपश्चात् सर्वसम्मत रूपले उक्त कार्यविधि पारित गरियो । |
| ५ | 5 | २०८०।०३।२७ | १. समितिको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन पारित गरी सभा समक्ष पेश गर्ने निर्णय गरियो । <br>२. मिति २०८० साल असार ९ गते नागरिक दैनिकमा "कर्णाली सरकारद्वारा विद्यार्थीको भविष्यमाथि खेलवाड" शीर्षकमा प्रकाशित समाचार र सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेतको मिति २०७९।०२।१९ मा प्रकाशित उच्च शिक्षा |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| | | | प्राविधिक छात्रवृत्ति सम्बन्धी सूचनामा उल्लेख भएका विषयवस्तु उपर छलफल गर्नका लागि सामाजिक विकास मन्त्री र सामाजिक विकास मन्त्रालयका सचिवलाई समितिको मिति २०८० साउन ६ गतेको बैठकमा छलफल गर्नका लागि बोलाउने निर्णय गरियो ।<br>३. एसियन एथलेटिक्स एसोसिएसनको २५ औं एसियन कंग्रेसको, बैंककमा भएको निर्वाचनबाट सर्वाधिक मतका साथ सदस्य पदमा निर्वाचित हुनुभएका यस समितिका सदस्य मा० राजीवविक्रम शाह ज्यूलाई बधाई सहित सफल कार्यकालको लागि शुभकामना दिने निर्णय गरियो ।<br>४. समितिको अर्को बैठक मिति २०८० साल साउन ६ गते बिहान ७:३० बजे बस्ने निर्णय गरियो । |

## उपसमितिका बैठकहरू र बैठकले गरेका निर्णयहरू

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरू/निर्णयहरू |
|---|---|---|---|
| १ | १ | २०८०।०३।०८ | सामाजिक विकास समितिको कार्य सञ्चालन कार्यविधि, २०८० को मस्यौदा निर्माण गरियो । |
| २ | २ | २०८०।०३।०९ | सामाजिक विकास समितिको कार्य सञ्चालन कार्यविधि, २०८० को मस्यौदालाई अन्तिम रूप दिई समिति समक्ष पेश गर्ने निर्णय गरियो । |

२.३. समितिको प्रथम बैठकदेखि २०८० असार २७ गतेसम्म (जम्मा बैठक संख्या ५) समितिको बैठकमा माननीयज्यूहरूको उपस्थितिः




२.४. समितिमा विचाराधिन विधेयकको विवरणः


- कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

# परिच्छेद-३

## सरोकारवाला निकायहरूसँग भएका छलफलहरू

३.१. समितिले मिति २०८० साल जेठ १८ गते "कर्णालीमा भूमि सम्बन्धी समस्या र समाधानका उपाय सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम" सम्पन्न गरेको छ ।

समितिका सभापति माननीय घनश्याम भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समितिका माननीय सदस्यहरू, विशेष अतिथि माननीय सीताकुमारी राना (सदस्य, प्रतिनिधिसभा), भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय भिमप्रकाश शर्मा, गुठी संस्थानका अध्यक्ष डा. शिवराज पण्डित, भूमि आयोग सुर्खेतका अध्यक्ष श्रीधर पौडयाल र सदस्यहरू महेन्द्रप्रसाद खनाल र फत्तेबहादुर सोती, नापी कार्यालय, सुर्खेतका प्रमुख राजेन्द्र थापा, मालपोत अधिकृत चेतनकुमार खत्री, गुठी संस्थानका प्रतिनिधि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।




अनुसूची–२९

(विनियम २(ढ),३, ५, ७, ११, २७, २८, ३४, ३५, ३९ र ४९ संग सम्बन्धित)

अधिकार प्राप्त अधिकारीको तहगत अधिकार

| | | | | |
|---|---|---|---|---|
| (१) | ३(१)(ख) र ५ (१) तथा (२) | धरौटी लिने/बुझाउने/राख्ने | कार्यालय प्रमुख (६, ७, ८ र ९) | रकम |
| | | जग्गाधनी प्रमाण पुर्जा नभएको तर सो घरजग्गाको तिरो तिरेको रसीद भएको | | ५ एम्पियरको रु. १०००।०० |
| | | | | १५ एम्पियरको रु. ५,०००।०० |
| | | गुठी जग्गा | कार्यालय प्रमुख (६, ७, ८ र ९) | १५ एम्पियरसम्मको रु १०,०००।०० |

उक्त अन्तरक्रिया कार्यक्रम पश्चात सरोकारवाला निकायबाट भएको निर्णय



नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

वितरण तथा ग्राहक सेवा निर्देशनालय

कर्णाली प्रादेशिक कार्यालय

दैलेख वितरण केन्द्र

पत्र संख्या : २०७९/०८०
चलानी नं. ६१४

मिति : २०८०/०२/३१

श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू, दैलेख ।
श्री जिल्ला प्रशासन कार्यालय मार्फत् स्थानिय निकाय (सबै), दैलेख ।

विषय : निर्णय कार्यान्वयन गरिने जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस जिल्ला भित्र रहेका गुठी जग्गाधनिहरुको घरमा विनियामवलिमा व्यवस्था भए बमोजिम बत्ति प्रकाश गर्न कठिनाई उत्पन्न भई कानुनी राय सुझावको लागि पठाईएकोमा "सामान्यतया गुठी जग्गाधनिलाई व्यक्ति मोहि कायम भएका जग्गाहरु तत्कालिन अवस्थामा प्रचलित गुठि सम्बन्धि कानुन बमोजिम प्रकृया पूरा गरी गुठी रैतान भई मोहिको नाममा जग्गाधनि कायम भएको जग्गाको हकमा पूर्ण स्वामित्व जग्गाधनिको हुनेहुंदा गुठी जग्गाधनि भन्न मिल्ने देखिदैन । ने.वि.प्रा. विद्युत वितरण विनियामवलि, २०७८ को अनुसुची-२९ मा उल्लेख भएको गुठी भन्ने शब्द विशुद्धरुपमा गुठीको नाममा जग्गाधनि कायम भई व्यक्ति मोहि भएको अवस्थामा त्यस्तो गुठी जग्गाधनि भएको मान्नुपर्दछ । तसर्थ: साविकको समयमा कुनै जग्गाको धनि गुठि कायम भई प्रचलित कानुनी व्यवस्था अनुसार गुठी रैतानी भई व्यक्तिको नाममा जग्गाधनी कायम भइसकेको व्यक्तिको नाममा जग्गाधनि प्रमाणपूर्जा प्राप्त भई त्यस्तो जग्गामा घर निर्माण भएको अवस्थामा कुनै धरौटी रकम लिनु नपर्ने / नमिल्ने" राय साथ निर्देशन प्राप्त भएकोले सोहि बमोजिम कार्यान्वयन गरिने व्यहोरा आवश्यक जानकारीको लागि अनुरोध छ ।

(ई.गौरव पाण्डे)

वितरण केन्द्र प्रमुख

३.२. समितिको समन्वयमा बालविवाह विरुद्ध साझा अभियान सञ्जालको आयोजनामा मिति २०८० साल जेठ २६ गते " अन्तरक्रिया कार्यक्रम" सम्पन्न भएको छ ।

समितिका सभापति माननीय घनश्याम भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समितिका माननीय सदस्यहरू र सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

३.३. समितिको आयोजनामा मिति २०८० साल असार ८ गते "अन्तरक्रिया कार्यक्रम" सम्पन्न भएको छ ।

विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको संरक्षण र वैकल्पिक हेरचाह विषयमा मिलन धरेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

समितिका सभापति माननीय घनश्याम भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समितिका माननीय सदस्यहरू र सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# परिच्छेद-४
# समितिको प्रभावकारिता

## ४.१. समितिको प्रभावकारिताः-

समिति भनेको सभाको क्षेत्राधिकारको बाँडफाँड गरिएको अधिकारसम्पन्न सभाको लघु रूप हो। यस अर्थमा हामीले संसदीय अभ्यासलाई कति आत्मसात गरेका छौं, यसका क्षेत्राधिकारलाई कसरी नियमित र प्रभावकारी बनाएका छौं भन्ने कुराले समितिको प्रभावकारितालाई स्पष्ट तुल्याउँछ। समितिको कार्यसम्पादनमा भौतिक, आर्थिक र मानवीय स्रोत साधनको कमी, अनुसन्धान कार्यको अभाव, विज्ञताको अभाव देखिन्छ । समिति प्रणालीले गति लिन नसक्नुका पछाडि धेरै कारणहरू रहेका प्रत्यक्षरूपमा महसुस गर्न सकिन्छ।

# <u>परिच्छेद-५</u>
# निष्कर्ष

## ५.१ निष्कर्ष :-

हामीहरू संसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान बमोजिम नेपाल एकात्मक संरचनाबाट संघीय राष्ट्र बन्न पुगेको छ। समितिका निरन्तर बैठक सञ्चालन, सरकारी कामकारबाहीको अनुगमन र निर्देशन, तथा समितिको वैठकको छलफलमा भाग लिने माननीय सदस्यहरूको रूची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको छ भन्न सकिन्छ ।

प्रभावकारी समिति कार्यप्रणाली, व्यवस्थापन र सञ्चालनबाट लोकतन्त्रको विकास हुन्छ भन्नेमा दुईमत छैन । समितिका निरन्तर बैठक सञ्चालन, सरकारी कामकारवाहीको अनुगमन र निर्देशन, समितिमा विधेयक माथि दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफमा भाग लिने माननीय सदस्यहरूको रूची र निरन्तर अभ्यासले समिति प्रणालीको केही अनुभव र विकास हुनुको साथै यसको महत्व बढ्न जान्छ । समिति एउटा सामूहिक भावना र आपसी सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग, चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवं सदस्यज्यूहरू सबैको समान दायित्व बोध हुनु पर्दछ ।

घनश्याम भण्डारी<br>
सभापति<br>
सामाजिक विकास समिति

# अनुसूची-१

## समितिमा रहनु हुने माननीय सदस्यहरूको नामावली

| क्र.सं. | माननीय सदस्यहरूको नाम, थर | पद |
|---|---|---|
| १ | माननीय घनश्याम भण्डारी | सभापति |
| २ | माननीय इन्द्राकुमारी शाही | सदस्य |
| ३ | माननीय कलबहादुर हमाल | सदस्य |
| ४ | माननीय गमता वि.क. | सदस्य |
| ५ | माननीय जुम्कित लामा (कार्की) | सदस्य |
| ६ | माननीय मिलन खड्का (रोका) | सदस्य |
| ७ | माननीय यामलाल कँडेल | सदस्य |
| ८ | माननीय राजीव विक्रम शाह | सदस्य |

<u>अनुसूची-२</u>

**समिति सचिवालय**

| **क्र.सं.** | **नामथर** | **पद** |
|---|---|---|
| १ | राजेन्द्र पौडेल | समिति सचिव |
| २ | प्रकाश पौडेल | सहायक कर्मचारी |
| ३ | गणेशप्रसाद देवकोटा | सहयोगी कर्मचारी |

## अनुसूची-३

तस्वीरमा समिति



समितिको सभापतिमा निर्विरोध निर्वाचित हुनु भएका माननीय घनश्याम भण्डारीलाई वधाई तथा शुभकामना पश्चातको सामुहिक तस्वीर




समितिका सभापति माननीय घनश्याम भण्डारी सभापतिको सपथ पश्चात कार्यभार सम्हालनु हुँदै



समितिको बैठकमा समितिका कामकारवाही लगायतका विषयमा छलफल हुँदै



समितिको बैठकमा समितिका कामकारवाही लगायतका विषयमा छलफल हुँदै



समितिको आयोजनामा "कर्णालीमा भूमि सम्बन्धी समस्या र समाधानका उपाय सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम"




समितिको आयोजनामा "कर्णालीमा भूमि सम्बन्धी समस्या र समाधानका उपाय सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम"

अनुसूची-४

## मिडियामा समिति

# भूमि सम्बन्धी समस्या समाधान गर्न कर्णालीमा अन्तरक्रिया, कसले के भने ?

नेपाल प्रेस  २०८० जेठ १८ गते २०:५७  34 Shares



नेपाल अपडे

एमालेलाई प्रचण्डक प्रतिप्रश्न- मलाई प्रधानमन्त्री बनाउन लिखित हस्ताक्षर क गरेको हेर्नुहोला ?

रवि लामिछाने र रा लिङ्देनको आक्रोश सदनमा तीन दलमा छैनन्

युक्रेनकी स्भितोलि हार ब्यहोरेपछि रुस समर्थक बेलारुसकी अजारेन्कालाई विम्बल्डनमा दर्शक गिज्याए

प्रचण्डको आत्मसर्म स्वभावजन्य कमजो अन्तरमनको आवा फर्किहाल्दो रहेछु (भिडिओ)






सुर्खेत । कर्णाली प्रदेशको भूमि सम्बन्धी समस्या र समाधानका विषयमा सरोकारवालाबीच अन्तरक्रिया सम्पन्न